बैठक मिति: २०७५/०८/०५

<u>छलफल तथा निर्णयहरु</u>

१. पन्ध्रौं योजनाको आधार-पत्रको विभिन्न विषय क्षेत्रगत शीर्षकहरुमा सम्बन्धित विषयगत मन्त्रालय / निकायबाट प्राप्त प्रारम्भिक मस्यौदाउपर माननीय उपाध्यक्ष तथा माननीय सदस्यज्यहरुको संयोजकत्वमा गठित विषयगत समितिहरुमा छलफल तथा पुनरावलोकन भई परिमार्जन गरिएको शून्य मस्यौदा आयोगमा पेश गरियो । प्राप्त शून्य मस्यौदालाई विषयगत क्षेत्र हेर्ने माननीय सदस्य र विषय विज्ञबाट थप परिमार्जन गरी २०७५ माघको पहिलो हप्तादेखि प्रदेश र विभिन्न विषय क्षेत्रगत विज्ञहरुको पूर्व परामर्श बैठक गर्न आवश्यक तयारी गर्ने ।

२. पोषण सुधारको विश्वव्यापी अभियानको रुपमा सन् २००९ देखि क्रियाशील संयुक्त राष्ट्र संघीय संस्था 'सन' (Scaling Up Nutrition Movement - SUN) सचिवलायले यस अभियानमा सहभागी सदस्य राष्ट्रसँगको सहकार्यमा गर्ने 'सन विश्वव्यापी सम्मेलन' (SUN Global Gathering) को ५औं संस्करण नोभेम्बर ५-७, २०१९ मा काठमाडौं, नेपालमा आयोजना गर्न जेनेभास्थित सन सचिवलायबाट अनुरोध गरेकोसम्बन्धी सामाजिक विकास महाशाखाबाट प्रस्तुत प्रस्तावका सम्बन्धमा उक्त सम्मेलन नेपालमा गर्न इच्छुक रहेको आशय पत्र (Expression of Interest) विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यज्यूले SUN Secretariat मा पठाउन सैद्धान्तिक सहमति प्रदान गर्ने । राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समितिका संयोजक माननीय सदस्यबाट यस कार्यक्रमको समग्र समन्वय गर्ने ।

३. दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना तर्जुमा सम्बन्धमा रुपान्तरणकारी कार्यक्रम/आयोजनाका लागि मापदण्ड तयार गर्न आयोगको पूर्वाधार तथा उत्पादन महाशाखाका प्रमुखको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदन आयोगमा प्रस्तुति भई छलफल भयो। उक्त मापदण्डलाई राष्ट्रिय लक्ष्यहरुलाई प्रत्यक्ष योगदान पुर्‍याउने र वस्तुपरक बनाउन सो कार्यदलमा सबै महाशाखाका प्रमुख र केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशकसमेत सहभागी गराई परिमार्जनसहित आगामी आयोगको बैठकमा पुनः प्रस्तुत गर्ने ।

४. चालु आ.व. २०७५/७६ को प्रथम चौमासिक अवधिसम्म को प्रगति समिक्षासहित मिति २०७५।०९।१० र ११ गते आयोगको सभाकक्षमा हुने राष्ट्रिय विकास समस्या समाधान उपसमिति (Pre-NDAC) को बैठकमा माननीय उपाध्यक्षज्यू तथा माननीय सदस्यज्यूहरुले आ-आफ्नो विषय क्षेत्रगत मन्त्रालयको छलफलमा सक्रियरुपमा सहभागी हुने। साथै, उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयका सचिवज्यूलाई समेत आमन्त्रण गर्ने ।